# जोशीपुर गाउँपालिका

# १० औं गाउँसभा बैठकमा

## गाउँपालिका उपाध्यक्ष श्री रेखा देवी कठरियाज्यूद्वारा प्रस्तुत

## आर्थिकवर्ष २०८०/०८१ को

# बजेट बक्तव्य

जोशीपुर गाउँपालिका

जोशीपुर,कैलाली

१० आषाढ, २०८०

**गाउँ सभाध्यक्षज्यू,**

**जोशीपुर गाउँपालिकाका गाउँसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु तथा**

**आम जोशीपुर गाउँपालिकाबासीहरु,**

१. नेपालको आर्थिक संक्रमण कालिन अवस्थाको यस बिषम परिस्थितीमा म बजेट तथा कार्यक्रम तर्जुमा समितीको संयोजक तथा गाउँपालिका उपाध्यक्षको हैसियतले जोशीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक बजेट बक्तव्य दोस्रो पटक प्रस्तुत गर्न पाउँदा एकातिर उत्साहित छु भने अर्कोतिर देशको आर्थिक संक्रमणकालिन चुनौतीपूर्ण र असहज अवस्थामा आम जोशीपुर बासी तथा समग्र मानव जातीको आवस्था प्रति चिन्तित छु ।

२. लोकतन्त्रको स्थापना, राष्ट्रियता, राष्ट्रियहित एवं स्वाभिमान, जनजीवीकाको आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्णज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

*चालु आ.व. को बजेट नीति तथा कार्यक्रमको समिक्षा*

३. यस जोशीपुर गाउँपालिकाको चालु आ.व.को जेठ मसान्त सम्म पुजी गत तर्फ ५४ दशमलब ४८ प्रतिशत र चालु तर्फ ६० दशमलब ७७ प्रतिशत बजेट खर्च भएको छ।

४. विविध क्षेत्रगत योजना र उपलब्धिका साथै विगत वर्षहरुको तुलनामा चालु आर्थिक वर्षमा समग्र क्षेत्रमा सकारात्मक ढङ्गले आर्थिक संकटका कारण अघि बढाउन नसक्दा वार्षिक प्रगति सोचाई अनुकुल तथा अपेक्षाकृत नहुने संकेत देखिएको छ। यस परिस्थितिमा साथै सिकाई र अवसर पनि सृजना गरेको छ। विगतको अनुभव र सिकाई, वर्तमानको आधार र उत्प्रेरणाले भविष्य सुनौलो बनाउन सहयोगी हुने विश्वास मैले लिएको छु।

५. राजश्व बाँडफाँड तथा समानीकारण अनुदान पुर्ण रुपमा प्राप्त नहुदा पालिकाको सार्वजनिक सेवा प्रवाह, विकास निर्माण कार्य र नियमित रुपमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरुमा प्रत्यक्ष रुपमा नकारात्मक असर पुगेको छ। राजनितिक तथा प्रशासनिक वीच हुने सुमधर अन्तर सम्वन्धमा समन्वय र सहकार्यको अभाबका कारण सार्वजनिक सेवा प्रवाह प्रभावकारी नभएको महसुस गर्दै अगामी दिनमा सुधारात्मक परिस्थिती सिर्जना गरि अगाडी बढिनेछ।

६. राष्ट्रिय भूमि आयोगसँग भएको सम्झौता बमोजिम जोशीपुर गाउँपालिकाको लगत संकलन इकाईबाट लगत संकलन तथा लगत प्रविष्टीको कार्य सम्पन्न गरेको छ। भने ऐलानी जग्गा नापजाँचका लागि नियन्त्रण विन्दुको कार्य अघि बढाइएको छ।

७. चालु आ.व.मा तय गरिएका कार्यक्रमहरु मध्ये अधिकांश कार्यक्रमहरु सम्पन्न हुने स्थितीमा छन् भने केही गाउँपालिका स्तरीय योजनाहरु निर्माण व्यवसायीको लापरबाहीका कारण तथा केही केही योजनाहरु समय मै सम्पन्न नगर्ने प्रचलनले गर्दा असारे विकासको आरोपबाट मुक्त रहन नसकेको अवस्था छ। आगामी दिनमा यो असारे विकासको आरोपबाट छुट्कारा पाउन समय मै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सम्पूर्ण जनप्रतिनिधी, कर्मचारी र सरोकारवाला पक्षको सहयोग रहने विश्वास लिएको छु।

**श्रीमान् सभाध्यक्ष महोदय,**

***सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी***

८. **सोचः स्वास्थ्य,** समृद्ध र समुन्नत जोशीपुर गाउँपालिकाको निर्माण गर्ने ।

९. **लक्ष्यः** आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन् २०३२ सम्ममा मध्यम आय भएको पालिकामा रुपान्तरण हुँदै समृद्ध र समुन्नत गाउँपालिकाको आधारशिला निर्माण गर्ने।

१०. **उद्देश्य तथा अपेक्षित उपलब्धीः**

**क.** नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरु शिघ्र परिपूर्ती गर्दै जीवनस्तरमा सुधार गर्न रोजगारी सृजना तथा गरिवी निवारण गर्ने।

**ख.** उपलब्ध प्राकृतिक स्रोत-साधन,मानव संसाधन पुँजी र प्रविधिको उपयोग गर्ने।

**ग.** स्थानीय पुर्वधारहरुको विकास गर्ने जोशीपुर गाउँपालिकालाई संघीयताको समृद्धिको साधनका रुपमा स्थापित गर्ने सन्तुलित, समावेशी, आत्म निर्भर उन्मुख पालिकाको आधार निर्माण गर्ने।

**घ.** गुणष्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक र कृषि, पर्यटन लगायतका क्षेत्रमा सुधार गर्ने।

**ङ.** विधीको शासन, सर्वजानिक सेवा प्रभावकारीता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत नागरिकलाई प्रत्याभूती हुने सुशासन प्रवर्धन गर्ने।

**श्रीमान् सभाध्यक्ष महोदय,**

***मैले निम्नानुसार बजेटको प्राथमिकताका क्षेत्रहरु निर्धारण गेरेको छु।***

१०.कृषि क्षेत्रको रुपान्तरण, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृजना र गरिबी न्यूनीकरण नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास, मानव संसाधन विकास, पूर्वाधार विकास र पुँजी निर्माण, पर्यटन क्षेत्रको उत्थान वातावरण संरक्षण, विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण गर्ने।

**श्रीमान् सभाध्यक्ष महोदय,**

अब म क्षेत्रगत रुपमा तय गरिएका आयोजना र क्रियाकलापहरु प्रस्तुत गर्न गइरहेको छु ।

## *आर्थिक विकास*

१२. आर्थिक विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण पक्ष मानिने कृषि तथा पशु सेवा क्षेत्रको विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु.९८ लाख विनियोजन गरेको छु ।

**क.** जोशीपुर गाउँपालिकाको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको सुधारका लागि कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण जोड कार्यक्रमलाई निरन्तरता दिइनेछ। अनुदानमा उन्नत बीउहरु,विषादी उपलब्ध गराइनेछ। वास्तविक कृषक पहिचान लागि किसान सुचीकरण गर्ने कार्यक्रम अघि बढाउने व्यवस्था मिलाएको छु ।

**ख.** कृषितर्फ "एक वडा एक उत्पादन" कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याईनेछ। माटो परीक्षणका लागि परीक्षण ईक्वीपमेन्टको व्यवस्था मिलाई माटो चेक जाँच गरी सुहाउँदो बाली लगाउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ।

ग. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने विभिन्न बाली वस्तुको साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

घ. कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा विकास गर्न तथा व्यवसायिक कृषि पेशामा आकर्षण गर्न डिजिटल कृर्षि परामर्श सेवा कार्यक्रम र आई पि एम कृषक पाठशाला कार्यक्रमको व्यवस्था मिलाइनेछ।

ङ. उत्पादन, आय आर्जन, बाली विकास, व्यवसायिकरण जस्ता विषयमा कृषक क्षमता अभिवृद्धिका लागि व्यवहारिक र उद्यमशीलता केन्द्रित तालिम, कृषक भ्रमण, स्थलगत अवलोकन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

च. व्यवसायिक पशुपालनका लागि घाँस स्रोत केन्द्र, गाउँ गाउँमा हिउँदे एवं वर्षे घाँसबाली बालीको विउ वितरण गरिनेछ।

छ. पशुपालनलाई व्यवासायिक बनाउन पशु स्वास्थ्य शिविर तथा पशु पालन तालिमको व्यवस्था गरिनेछ।

ज. कृतीम गर्भधारण कार्यक्रम तथा पशु प्रयोग सञ्चालन गरिनेछ।

झ. पर्यटन क्षेत्रलाई तुलनात्मक लाभका क्षेत्र अन्तर्गत अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न पर्यटन क्षेत्रको पहिचान गरी क्षेत्रगत योजना तर्जुमा गरिनेछ।

ञ. प्राकृतिक,ऐतिहासिक र सांस्कृतिक पर्यटन प्रवर्द्धनको लागि भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचारप्रसारका साथै आवश्यक पूर्वाधार विकासमा जोड दिईनेछ।

ट. सहकारी क्षेत्रको क्षमता विकास र प्रवर्द्धन सम्बन्धी कार्यक्रम ल्याइनेछ।

ठ. कृर्षि हाटबजार तथा एकीकृत रुपमा व्यवस्थित मासु पसल संचालनमा उत्प्रेरित गरिनेछ।

श्रीमान् सभाध्यक्ष महोदय,

## *सामाजिक विकास*

१३.गाउँपालिका स्तरीय सामाजिक विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण पक्ष मानिने शिक्षा, स्वास्थ, महिला तथा बालबालिका, न्यायिक निरुपण, खानेपानी तथा सरसफाई, लक्षित वर्ग लगायत समग्र सामाजिक क्षेत्रको विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु.२ करोड ४१ लाख विनियोजन गरेको छु ।

क. गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई जस्ता आधारभूत सेवामा सबैको समतामूलक पहुँच हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

ख. ग्रामीण क्षेत्रमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन र स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य संस्थाहरुको सुदृढीकरणका लागि सर्जिकल सामाग्री, औषधी तथा पूर्वाधारको आवश्यक व्यवस्थाका साथै स्वास्थ्यकर्मीहरुको दक्षताका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

ग. पोषण प्रवर्द्धन तथा संस्थागत सुत्केरी सेवालाई थप प्रभावकारी बनाउन पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

घ. महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंम सेविकाहरुका लागि प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ।

ङ. जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्र लगायत स्वास्थ्य संघ संस्थाहरुको संस्थागत स्तरान्नोतिका लागि संघीय र प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ।

च. सामुदायिक विद्यालयको गुणस्तर सुधार, शिक्षक कर्मचारीहरुको पेशागत दक्षतामा वृद्धि गर्न नविनतम प्रविधि तथा शिक्षण सिकाई सीप सम्बन्धि मागमा आधरित तालिम सञ्चालन गरिनेछ।

छ. निरन्तर शिक्षा, सबैका लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै शैक्षिक क्षेत्रको गुणस्तरका लागि समय सापेक्ष गुणस्तर कायम गर्न सूचना तथा संचार प्रविधि (ICT) पूर्वाधारमा जोड दिइनेछ।

ज. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय भौतिक पूर्वाधार, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक तथा सरसफाई सामाग्री वितरण, छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनमा निरन्तरता दिइनेछ।

झ. स्थानीय पाठ्यक्रम निर्माण र दश बर्षे शिक्षा क्षेत्र योजना आद्यावधिक गरी लागू गरिनेछ।

ञ. राष्ट्रपति रनिङ शिल्डमा स्थानीय साझेदारी गरी खेलकूद प्रतियोगिताद्वारा बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासमा टेवा पुऱ्याइनेछ।

ट. सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, प्रति विद्यायल एक जना सहायक कर्मचारी र एक जना कार्यालय सहयोगीको सेवा सुविधा नेपाल सरकारले घोषणा गरे बमोजिम अपुग हुने रकम स्थानीय तहको आन्तरिक स्रोतबाट व्यहोरि निरन्तरता दिइनेछ ।

ठ. गाउँपालिका स्तरीय कक्षा ५ र ८ को परीक्षा सञ्चालन गरि मुल्यांकनमा सुधार र एक रुपता ल्याइनेछ साथै उत्कृष्ट विद्यालय र विद्यार्थीहरुलाई पुरस्कृत गरी उत्साह प्रदान गरिने खालका कार्यक्रम ल्याइनेछ।

ड. सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोत शिक्षकहरुका लागि प्रदान गरिने अनुदान कार्यक्रमलाई व्यवस्थापन ऐन, नियम, कार्यविधि तथा मापदण्ड बनाई अनुदान दिइनेछ।

ढ. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहिधञतको सुनिश्चित गर्दै लैङ्गिक समता र समानता, सशक्तीकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धिका लागि आय आर्जन मुलक कार्यक्रम गरिनेछ।

ण. महिलाहरुको नियमित हुने महिनावारी चक्र लाई व्यवस्थित बनाउन पालिका भित्रका महिलाहरुलाई निशुल्क स्यानेटरी प्याड उपलब्ध गराइनेछ।

त. बालबालिकाको हकहित संरक्षणका लागि बालकोष स्थापना गरिनेछ ।

थ. समाजमा रहेका कुरीति, कुप्रथा, लैंगिक हिसाँ न्यूनिकरण गर्न किशोर किशोरीहरुलाई सईवर अपराध नियन्त्रण सम्वन्धी सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ।

द. मुस्लिम सामुदायका महिलाहरुका लागि कानुन व्यवस्था सम्वन्धी जानकारीका लागि आवश्यक कार्यकम सञ्चालन गरिनेछ।

ध. जोशीपुर गाउँपालिकाका सहकारी संघ सस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यक तालिमका लागि बजेट विनियोजन गरेकोछु।

श्रीमान् सभाध्यक्ष महोदय,

## *पूर्वाधार विकास*

१४.पूर्वाधार विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण पक्ष मानिने सडक, भवन, घेरवार, अन्य सर्वजानिक निर्माण लगायत समग्र पूर्वाधार क्षेत्रको विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु ७ करोड ४५ लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

क. गाउँपालिकाको मुख्य पुर्वधार तर्फ ग्रामिण सडकहरु स्तरन्नोतिका लागि पक्की सडक, पानी पिच, ग्राभेल जस्ता निर्माण कार्य गर्न साथै गाउँपालिका स्तरिय क्रमागत योजनाहरुलाई निरन्तरता दिई आवश्यक बजेट विनियोजन गरेको छु।

ख. गाउँपालिकाको सातै वडाको लागि वार्ड गौरबको परियोजना निर्माणका लागि रु१करोड ४० लाख रकम विनियोजन गरेको छु।

ग. भौतिक पूर्वाधार निर्माणका लागि अनुमानयोग्य र प्रभावकारी योजनाका लागि पूर्वाधार विकास गुरुयोजना, वस्ती विकास योजना, विस्तृत अध्ययन प्रतिवेदनलाई जोड दिइनेछ।

घ. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ चालु आ.व. मा घैला नाला झोलुङ्गे पुल र घुसरी काँढा नदिमा झोलुङ्गे पुल निर्माणधिनको कार्यलाई अगाडि बढाई खोलानालाको कारण जनधनको क्षति न्यूनिकरण र आवतवाजतमा सहजीकरणका लागि बजेट विनियोजन गरेको छु।

ङ. शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा तर्जुमा गरी भवन निर्माण नक्सा पूर्वस्वीकृति कडाइका साथ कार्यान्वयन गरिने।

च. जोशीपुर गाउँ कार्यपालिकाको कार्यालयको प्रशासनिक भवन निर्माण कार्यका लागि आवश्यक पहल गरिनेछ।

छ. वडा नं.६ मा वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गरिने छ। साथै वडा नं.१, २, ३, ५ र ७ मा वडा कार्यालयको प्रशासनिक भवन निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक पर्ने बजेट माग गरिनेछ।

ज. गाउँपालिका भित्रका विभिन्न स्थानहरुको सहज पानी निकासका लागि ढल निकास निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

झ. संघीय सरकार बाट प्राप्त विशेष अनुदान र समपुरक कोषबाट प्राप्त अनुदानबाट कोल्ड स्टोर र जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्र देखि नवलपुर रोड सम्म अधुरो कालोपत्रे निर्माण गरिने छ।

श्रीमान् सभाध्यक्ष महोदय,

***वातावरण तथा विपद व्यवस्थापन***

१५. बाताबरण संरक्षण र विकासको समसामयिक जोखिम न्यूनिकरणका लागि रु४९ लाख विनियोजन गरेको छु।

क. प्राकृतिक प्रकोपका कारण राहत, उद्दार तथा जोखिम न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रकोप व्यवस्थापन कोषको व्यवस्था गरेकोछु। खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई व्यवस्थित गर्न पालिका तथा समुदायस्तरमा विभिन्न सचेतनामुलक तालिम सञ्चालन गरिनेछ।

ख. फोहरमैला व्यवस्थापनका लागि अनिवार्य शुल्क संकलन गरि थप व्यवस्थापनमा सहयोग पुर्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

ग. गाउँपालिकाको स्थानीय विपद तथा जलवायु अनुकूलन योजना मार्फत कुनै पनि प्राकृतिक तथा मानवीय कारणबाट हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न, विपद् व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्न वडास्तर र पालिकास्तरमा सञ्चालन हुने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

घ. प्रदेश सरकार विशेष अनुदान बाट प्राप्त आधुनिक प्रविधि युक्त फोहोरमैला व्यवस्थापन स्थल निर्माण गरिनेछ।

ङ. काँढा नदी र पथरैया नदीमा तटबन्धन गरी जीउधनको रक्षा गर्न प्रदेश सरकार तथा संघीय सरकारसँग पहल गरिनेछ।

श्रीमान् सभाध्यक्ष महोदय,

***संस्थागत विकास, सेवा प्रवाह र सुशासन***

१६.जोशीपुर गाउँपालिकाको कार्यालय सञ्चालन तथा प्रशासन, संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीति तथा कार्यक्रम कार्यन्वयन गर्न आवश्यक रकम ९ करोड रुपैयाँ विनियोजन गरेको छु ।

क. सबै पेशा व्यवसायलाई करको दायरामा ल्याइनेछ।राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडा तथा कार्यालयलाई बजेट विनियोजनमा सूचकको रुपमा निरन्तरता आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

ख. जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि आवश्यक तालिमको पनि व्यवस्था गरिनेछ।

ग. सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी,पारदर्शी र गुणस्तरीय कायम गर्न प्रतिस्पर्धाको दायरा बढाइनेछ।

घ. संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि दिगो आर्थिक वृद्धि हासिल गर्न वडा, टोल र बस्तीस्तरबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका कृषि, शिक्षा, स्वास्थ्य, ग्रामीण सडक, सूचना तथा संचार प्रविधिसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयनमा क्षमता अभिवृद्धि साथै प्रभावकारी जवाफदेहीताका लागि अनुगमनको कार्यलाई थप व्यवस्थित गरिनेछ।

ङ. स्थानीय तहको न्यायिक निरुपण र मेलमिलाप प्रवर्द्धन गर्न, पीडितलाई न्याय दिलाई सामाजिक मेलमिलाप कायम गर्न न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुको भुमिका बढाउन पुनर्तजकी तालिम सञ्चालन गरिनेछ।

च. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै जनताको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी सुशासनयुक्त बनाइनेछ।

छ. गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहको पूर्वाधार तय गरी डिजिटल गाउँपालिकामा रुपान्तरण योजना अगाडि बढाइनेछ।

ज. स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण,सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापन कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

१७.कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम संचालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।

श्रीमान् सभाध्यक्ष महोदय,

अब म आ.ब. ०८०।८१ को अनुमानित व्यय र स्रोत व्यवस्थापनको खाका प्रस्तुत गर्न गइरहेको छु ।

१८.अनुमानित व्यय तथा स्रोत व्यवस्थापन

| आ.व. २०८०।०८१ को स्रोत तथा व्यय अनुमान | |
|---|---|
| संघीय वित्तीय समानिकरण | रु. ११करोड ६३ लाख |
| प्रदेश वित्तीय समानिकरण | रु. १ करोड ८१ हजार |
| संघीय राजश्व बाँडफाँड | रु. ९ करोड ६ लाख १४ हजार ९ सय |
| प्रदेश राजश्व बाँडफाँड | रु. २८ लाख ३० हजार |
| संघीय सर्शत अनुदान | रु. १८ करोड २३ लाख |
| प्रदेश सर्शत अनुदान | रु. २४ लाख ५० हजार |
| आन्तरिक आय | रु. १ करोड ६५ लाख ८ हजार ५ सय |
| संघीय समपूरक अनुदान | रु. ५० लाख |
| संघीय विशेष अनुदान | रु ७५ लाख |
| प्रदेश समपूरक अनुदान | रु. ० |
| प्रदेश विषेश अनुदान | रु. ४० लाख |
| अल्या रकम अनुमानित | रु ६० लाख |
| जम्मा | रु. ४४ करोड ३५ लाख ८४ हजार ४ सय |

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा न्यायिक अधिकार कार्यान्वयनको अभ्यास गर्दै चालु आर्थिक वर्षको वार्षिक बजेट बक्तव्य सफल पार्न सहयोग पुऱ्याएर आगामी आर्थिक वर्षको बजेट यस सम्मानित सभामा प्रस्तुत गर्ने सु अवसर प्रदान गर्नु भएकोमा गाउँसभाका सभाध्यक्ष महोदय, सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा बुद्धिजीवी, नागरिक समाज, संचार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद!